म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ६१ २०८१ माघ ५ गते शनिबार 18 January 2025, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरुको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवार साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोबाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशको राजस्व संकलन र खर्चको अवस्था कमजोर

# ६ महिनामा २७ प्रतिशत राजस्व संकलन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिना अवधिमा २७.७२ प्रतिशत राजस्व रकम संकलन गरेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको अर्धवार्षिक समय अवधि (पुस मसान्तसम्म) मा कुल अनुमानित लक्ष्यको २७.७२ प्रतिशतमात्र राजस्व संकलन गरेको हो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांकअनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा बाँडफाँडबाट प्राप्त हुने विभिन्न कर, आन्तरिक आय तथा नगद मौज्दात बापत पुस मसान्तसम्ममा १७ अर्ब ८८ करोड ९८ लाख २८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । कुल ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको प्रदेश सरकारले आन्तरिक आयतर्फ ३९.८० प्रतिशत राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारको आन्तरिक आयस्रोतबाट १ अर्ब ८० करोड ६३ लाख ७२ हजार रुपैयाँ राजस्व संकलन भएको छ । प्रदेश सरकारको आधिकांश आय सेवा क्षेत्रबाट संकलन भएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले आन्तरिक आयतर्फ कृषि आयबापत ०.८८ प्रतिशत असुली गरेको छ । सरकारी सम्पत्तिको बहालबाट प्राप्त ३८६.५१ प्रतिशत (७७ लाख ३० हजार रुपैयाँ) असुली भएको छ । अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टीबाट २६.०१ प्रतिशत (११ लाख ७० हजार रुपैयाँ), पर्यटन शुल्क ५५.२४ प्रतिशत र कृषि उत्पादनको बिक्रीबाट ३०.३४ प्रतिशत (१ करोड १५ लाख ३० हजार रुपैयाँ) राजस्व संकलन गरेको हो ।

मन्त्रालयको तथ्यांकअनुसार अन्य बिक्रीबाट प्राप्त रकम ५.१४ प्रतिशत, अन्य सेवा शुल्क तथा बिक्री ८५९.७९ प्रतिशत (१ करोड ७१ लाख ९५ हजार रुपैयाँ), शिक्षा क्षेत्रको आम्दानी २८.९४ प्रतिशत, परीक्षा शुल्क १३.५६ प्रतिशत (४ करोड १८ लाख ५१ हजार रुपैयाँ) रहेको छ । प्रदेश सरकारले यातायात क्षेत्रबाट ३८.४७ प्रतिशत (३२ करोड ६९ लाख ७८ हजार रुपैयाँ) आम्दानी गरेको छ । यस्तै, अन्य प्रशासनिक सेवा शुल्क २६.०५ प्रतिशत (२ करोड ७३ लाख ५६ हजार रुपैयाँ), व्यवसाय रजिष्ट्रेशन दस्तुर ३५.०१ प्रतिशत (१८ करोड ३८ लाख १९ हजार रुपैयाँ), रेडियो/एफएम सञ्चालन दस्तुर १२.३४ प्रतिशत, टेलिभिजन सञ्चालन दस्तुर ०.४९ प्रतिशत राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारले चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुरबापत ५१.९१ प्रतिशत (१ अर्ब १६ करोड ८३ लाख ४५ हजार रुपैयाँ), वन क्षेत्रबाट १.७१ प्रतिशत, प्रशासनिक दण्ड जरिवाना र जफतबापत २९.७६ प्रतिशत, बीमा दावी प्राप्ति ९४.९५ प्रतिशत र अन्य राजस्व ८.२५ प्रतिशत संकलन गरेको छ ।

संघीय सरकारबाट प्राप्त हुने अनुदान रकमबापत ३५.०८ प्रतिशत राजस्व संकलन भएको छ । संघीय सरकारबाट प्राप्त समानीकरण, सशर्त, विशेष, समपूरक अनुदानबापत ५ अर्ब ४६ करोड ३६ लाख ५३ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । प्रदेश सरकारले मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, वन रोयल्टी, खानी तथा खनिज रोयल्टी, विद्युत् रोयल्टीलगायत बापत ३५.५३ प्रतिशत (१० अर्ब ५० करोड २२ लाख ४९ हजार रुपैयाँ) राजस्व संकलन गरेको छ । प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशन दस्तुर २६.५२ प्रतिशत (२ अर्ब ४ करोड १९ लाख १५ हजार) र दहत्तर बहत्तर बिक्रीबापत १२.१० प्रतिशत (१६ करोड ९३ लाख रुपैयाँ) राजस्व संकलन गरेको छ । प्रदेश सरकारले बेरुजु तथा गत वर्षको नगद मौज्दात ०.७९ प्रतिशत (११ करोड ७५ लाख ५२ हजार) रुपैयाँ संकलन गरेको छ ।

### खर्च १६ प्रतिशतमात्र

चालु आर्थिक वर्षको ६ महिनामा प्रदेश सरकारको बजेट खर्चको अवस्था निकै कमजोर देखिएको छ । प्रदेश सरकारको चालुतर्फको तुलनामा पुँजीगत बजेट खर्चको अवस्था न्यून देखिएको हो । चालु आर्थिक वर्षको पुस मसान्तसम्म कुल पुँजीगत बजेटको १०.३२ प्रतिशतमात्रै खर्च भएको छ ।

आर्थिक वर्षको २०८१/०८२ को लागि पुँजीगततर्फ ३७ अर्ब ९ करोड १२ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा पुस मसान्तसम्म ३ अर्ब ८२ करोड ८१ लाख रुपैयाँमात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको चालु तथा पुँजीगत गरी कुल खर्चको प्रगति १६.२७ प्रतिशत रहेको छ । ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट कार्यान्वयन गरेको प्रदेश सरकारले पुस मसान्तसम्ममा १० अर्ब ५० करोड २९ लाख रुपैयाँ खर्च गरेको मन्त्रालयले जनाएको छ ।

पुँजीगत खर्चतर्फ १०.५० प्रतिशत र चालुतर्फ २५.७२ प्रतिशत बजेट खर्च भएको छ । चालुतर्फ २५ अर्ब ९४ करोड ९१ लाख विनियोजन भएकोमा ६ महिनाको अवधिमा ६ अर्ब ६७ करोड ४७ लाख रुपैयाँ खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिनुभयो । वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको १ अर्ब ५० करोड रुपैयाँ पनि खर्च हुन सकेको छैन ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको १२.५२ प्रतिशत बजेट खर्च भएको उहाँले बताउनुभयो । प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् कार्यान्वयन गर्न २२ अर्ब ७९ करोड ७७ लाख रुपैयाँ विनियोजन गरेकोमा पुस मसान्तसम्ममा २ अर्ब ८५ करोड ४२ लाख रुपैयाँमात्र खर्च भएको हो ।

खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालयको अर्धवार्षिक प्रगति ११.३० प्रतिशत रहेको छ । स्वास्थ्य मन्त्रालयले अर्धवार्षिक समयमा २४.३२ प्रतिशत खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले १९.५१ प्रतिशत खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयको ६ महिनाको अवधिमा १६.०६ प्रतिशत खर्च भएको छ ।

यस्तै, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले ६ महिनाको अवधिमा १३ प्रतिशत खर्च गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले १९.७३ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १६.९२ प्रतिशत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको खर्च १५.५९ प्रतिशत रहेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २३.८८ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयको १६.४७ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयको १८ प्रतिशत बजेट खर्च भएको छ ।

स्थानीय तहतर्फको समानीकरण अनुदानबापत ८ अर्ब ३० करोड १९ लाख रुपैयाँ विनियोजन गरिएकोमा ६ महिनाको अवधिमा ३ अर्ब ३३ करोड ६४ लाख रुपैयाँ खर्च भएको छ ।

### बागमती प्रदेश समन्वय परिषद् बैठक

# रुख कटानदेखि रज्जुमार्गको स्वामित्व माग

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश समन्वय परिषद्को बैठकले २३ वटा निर्णयहरु गरेको छ । बिहीबारदेखि हेटौंडामा सुरु भएको बैठकले राष्ट्रिय समन्वय परिषद्मा पठाउने ७ र प्रदेशले कार्यान्वयन गर्ने १६ वटा निर्णय गरेको हो ।

बैठकले आइइई, इआइएपश्चात् रुख कटान प्रदेशबाट हुने व्यवस्था गर्नुपर्ने, रज्जुमार्गको स्वामत्वि प्रदेशलाई दिनुपर्नेलगायतका विषयमा राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको छ । आइइई, इआइएपश्चात् रुख कटानको लागि संघीय सरकारबाट अनुमति लिनुपर्ने व्यवस्थालाई परिमार्जन गरी प्रदेश सरकारबाटै अनुमति लिने व्यवस्था गर्नुपर्ने माग गरिएको हो । बैठकले विद्युत् विधेयक शिघ्र पारित गर्न, विपद् प्रभावित क्षेत्रको पुनःनिर्माणमा बजेट उपलब्ध गराउन राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले संघीय विद्युत् विधेयक छिटो पारित गरी कार्यान्वयनमा ल्याउनुपर्ने निर्णय गरेको छ । गत असोज १० गतेदेखि १३ गतेसम्म गएको बाढीपहिरो लगायतका प्राकृतिक विपद्बाट भएको क्षतिको पुनःनिर्माणको लागि बजेट उपलब्ध गराउनुपर्ने निर्णयसमेत भएको छ । समपूरक अनुदानअन्तर्गत् ठेक्का लागिसकेको आयोजनाहरु सम्पन्न नभएसम्म निरन्तरताको लागि कानुन संशोधन गर्नुपर्ने प्रस्तावमा निर्णय भएको हो ।

हेटौंडा काठमाडौं रज्जुमार्गको स्वामित्व प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने र सार्वजनिक खरिद ऐनमा संशोधन गरी पुरातात्विक महत्वका सम्पदाहरुको पुनःनिर्माणको लागि विषेश कानुनी व्यवस्था गरिनुपर्ने निर्णय गर्दै सिफारिस गरेको छ ।

यस्तै, ६ हजार मिटरदेखि ७ हजार मिटरसम्मका हिमाल आरोहण इजाजत तथा रोयल्टीसम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने र कानुनी प्रावधानअनुसार प्रदेशभित्र रहेका तीनतारे होटल तथा रिसोर्टहरुको दर्ता, नवीकरण, अनुमति तथा नियमनसम्बन्धी अधिकारको कार्यान्वयनका लागि सम्बन्धित कागजात प्रदेशमा हस्तान्तरण गर्नुपर्ने निर्णय गरेको छ ।

### कर्मचारीको लगत संकलनदेखि पेन्सन कोष निर्माण गर्ने

बैठकले बागमती प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वैयक्तिक सूचना प्रणालीको दर्ता, व्यवस्थापनका लागि राष्ट्रिय किताबखानाको समन्वयमा सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्ने निर्णय गरेको छ । प्रदेश किताबखानाको थप संस्थागत सवलीकरण गर्ने, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको निवृत्तिभरण तथा उपदानका लागि संघीय सरकारसँग समन्वय गरी योगदानमा आधारित एकीकृत निवृत्तिभरण कोष सञ्चालन तथा व्यवस्थापनका लागि कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने बैठकले निर्णय गरेको छ ।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सरुवा वा काज वैज्ञानिक बनाउन तत्काल मापदण्ड तर्जुमा गर्ने र प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ कार्यान्वयनको अवस्थामा विस्तृत नियमावली निर्माण गर्ने निर्णय भएको छ । प्रदेशका सबै स्थानीय तहमा सूचना प्रविधि विभागबाट निर्मित र निःशुल्क प्राप्त हुने एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली लागू गर्ने र विभागबाटै उपलब्ध हुने एकीकृत सरकारी वेबसाइट व्यवस्थापन प्रणाली प्रयोगमा ल्याउन निर्देशन गर्ने बैठकले निर्णय गरेको छ ।

प्रदेशमा जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रयोजनका लागि राष्ट्रिय विपद् प्राधिकरणको प्राविधिक सहयोगमा 'एकीकृत बस्ती तथा बस्ती स्थानान्तरण' सम्बन्धी प्रारम्भिक अध्ययन गर्न पहल गर्ने, राजस्व बाँडफाँडबापत विभाज्य कोषमा जम्मा भएको रकमको अनुगमन नहुँदा राजस्व बाँडफाँड प्रभावकारी हुन नसकेको बैठकको निश्कर्ष रहेकाले उक्त विषयलाई नियमन तथा व्यवस्थित गर्न स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयले पहल गर्ने निर्णय गरेको छ ।

प्रदेशमा आगमन हुने पर्यटकहरुको विवरण तथा अन्य तथ्यांक दर्ता गरी अभिलेख राख्न पर्यटन सूचना केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने, प्रदेश सरकारबाट निर्माण सम्पन्न भएका पर्यटन पूर्वाधारहरुको संरक्षण र सदुपयोगको जिम्मेवारी स्थानीय तहलाई दिने र राजश्व बाँडफाँडको मोडालिटी विषयगत मन्त्रालयले तयार गर्ने, संघीय तथा प्रादेशिक कानुनहरु अनुरुप ५ लाख रुपैयाँसम्म स्थिर पुँजी भएका उद्योग फर्महरुमात्र स्थानीय तहमा दर्ता हुने व्यवस्था गरी फाइल हस्तान्तरण गर्ने निर्णय भएको छ । प्रदेश अनुगमन तथा मूल्यांकन ऐन, प्रदेश नीति तथा योजना आयोग ऐन र प्रदेश तथ्यांक ऐनको तर्जुमा, पारित तथा कार्यान्वयन प्रक्रियालाई शिघ्र टुंग्याउने निर्णय गरेको छ ।

प्रदेश र स्थानीय तहमा योजना बैंक सञ्चालनमा ल्याउने निर्णय गरेको छ । बजार अनुगमनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहले संयुक्तरुपमा अनुगमन गर्ने निर्णय भएको छ । जिल्ला समन्वय समितिको सूचना अभिलेख केन्द्र व्यवस्थापनको लागि सूचना विज्ञ नियुक्त गरी अभिलेख केन्द्रलाई व्यवस्थापन गर्ने र प्रदेश समन्वय परिषद्को बैठकमा उठेका विषयहरुलाई विषयगत मन्त्रालयहरुले आवश्यक कार्ययोजना तर्जुमा गरी पेश गर्ने बैठकले निर्णय गरेको छ ।

# राष्ट्रपति पौडेलद्वारा निर्माणाधीन फाष्ट ट्र्याकको निरीक्षण



समाज संवाददाता

हेटौंडाः राष्ट्रपति रामचन्द्र पौडेलले निर्माणाधीन काठमाडौं-तराई मधेस द्रुतमार्ग (फाष्ट ट्र्याक) आयोजनाको शुक्रबार निरीक्षण गर्नुभएको छ । निरीक्षणका क्रममा उहाँले भइरहेका काम कारबाही र प्रगतिबारे जानकारीसमेत लिनुभएको छ ।

उहाँले निर्माणाधीन सुरुङ, पुल र सडकको अवलोकन गर्नुका साथै आयोजना सम्पन्न गर्न भइरहेका प्रयास र प्रयत्नबारे आवश्यक जानकारी लिनुभयो । राष्ट्रिय गौरबका आयोजनामध्ये उच्च प्राथमिकतामा रहेको उक्त आयोजना नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ ।

राष्ट्रपति पौडेल नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौंदेखि बाराको निजगढस्थित द्रुतमार्गको अन्तिम बिन्दुसम्म पुग्नुभएको थियो । उहाँले आयोजनास्थलका विभिन्न भागमा स्थलगत अवलोकनसमते गर्नुभएको थियो ।

निरीक्षणपछि राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयावधिभित्र पूरा गर्न उच्च मनोबलका साथ काम गर्न सेनालाई निर्देशन दिनुभयो । काठमाडौं, ललितपुर, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्वपश्चिम राजमार्गमा जोडिने द्रुतमार्ग निर्माणपछि मुलुकको विकास र समृद्धिमा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# जीबी राईको राहदानी रद्द गर्न अदालतको आदेश

पोखराः पोखराको सूर्यदर्शन सहकारी ठगीमा फरार गीतेन्द्रबाबु (जीबी) राईको राहदानी रद्द गर्न कास्की जिल्ला अदालतले आदेश दिएको छ । न्यायाधीश हिमलाल बेल्बासेको इजलासले उनको राहदानी रद्द गर्न आदेश दिएको हो ।

राहदानी रद्द गर्न राहदानी विभागमा पत्र पठाउने निर्णय भएको कास्की अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिए । 'सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अदालतमा



मुद्दा विचाराधीन छ । मुद्दा प्रक्रियामा सहभागी नभइराखेको अवस्था छ । विदेशमा रहेको भन्ने जानकारीका आधार मा राहदानी रद्द गरी लिन सकिन्छ भन्ने उद्देश्यले अदालतले राहदानी रद्द गर्न अनुमति दिएको हो,' उनले भने ।

जिल्ला प्रहरी कार्यालय कास्कीले सरकारी वकिल कार्यालयमार्फत् जीबीलाई विदेशबाट पक्राउ गरी नेपाल ल्याउनका लागि राहदानी रद्द गर्न माग गर्दै अदालतमा निवेदन दिएको थियो ।

*(स्रोतः रातोपाटी)*

# यार्चा

## पुस्तक समीक्षा



विपासा तिमल्सिना

"यार्चा" अनन्त वाग्लेद्वारा लेखिएको रमणीय कथा हो। बालबालिकाका लागि लेखिएका कथाहरूले पाठकलाई मात्र मनोरञ्जन प्रदान गर्दैन, गहन सन्देश पनि दिन्छ। यस पुस्तकका चित्रहरू कृष्णगोपाल श्रेष्ठले बनाएका छन्, कथा पढ्दा अझै जीवन्त अनुभूति गराउँछ।

कथाले हिमाली जनजीवनको कठिनाइ, सौन्दर्य, सङ्घर्ष र स्थानीय समुदायको अद्भुत सहकार्यलाई देखाउँछ। पुस्तकले हामीलाई हिमाली जनताको दैनिक जीवनको झलक मात्र दिन्छ भनेन, उनीहरुको सादा जीवनशैलीबाट धेरै सिक्न पनि प्रेरित गर्छ।

कथामा मोती सहृदय र सादगीकी प्रतीक हुन् भने लाले जोशीला र चञ्चल स्वभावका पात्र हुन्। त्यस्तै कमल साहसी र सहयोगी, जो कथाका नायकझैं लाग्छन्। कालीबहादुर काका जिन्दगीका सङ्घर्षले परिपक्व बनाएका एक प्रिय वृद्ध हुन्। पालङमु स्वार्थी र नकारात्मक स्वभावका पात्र हुन्।

पात्रहरूमध्ये मेरो मनपर्ने पात्र कमल हुन्। उनी हिमाली जीवनको हरेक चुनौतीलाई साहसका साथ सामना गर्छन् र अरूलाई पनि सहयोग गर्न कहिल्यै पछि पर्दैनन्। त्यसैले उनी प्रेरणादायी पात्र हुन्।

यस्तै, मेरो मन नपर्ने पात्र पालङमु हुन्। उनी कथामा स्वार्थी र बेपरवाह व्यवहारका कारण नकारात्मक छाप छोड्छन्।

परिवेशको कुरा गर्दा कथामा विभिन्न परिवेश प्रस्तुत गरिएका छन्, जसले कथालाई जीवन्त बनाएको छ। घर जहाँ पात्रहरूको भावनात्मक सम्बन्धले कथा सुरू हुन्छ। गाउँले सामूहिक जीवन र सौहार्दताको प्रतीक झल्काएको छ। पाटन र लेकले जहाँ यार्चा टिप्ने कठिन यात्रा हुन्छ भनिएको छ। पाल पात्रहरूको अस्थायी बासस्थान, जुन साहस र सङ्घर्षको केन्द्रबिन्दु हो। खाल्डो एक डरलाग्दो घटनाको गवाही दिने स्थानहो।

यीमध्ये मेरो मनपर्ने परिवेश पाल हो। हिमाली क्षेत्रको चिसो मौसममा पालभित्रको सामूहिकता र सहयोगले धेरै पाठ दिन्छ। मेरो मन नपर्ने परिवेश भने खाल्डो हो। यस स्थानले बालीबहादुर काकाको दुःखद मृत्यु र कथाको दर्दनाक घटनाको सम्झना गराउँछ।

कथाका रोचक घटनाहरूले पाठकलाई सुरूदेखि अन्त्यसम्म बाँधेर राख्छन्। विशेषगरी, जब विद्यालयले यार्चा टिप्नका लागि बिदा दिन्छ, त्यो निकै रमाइलो लाग्छ। साथीहरूसँग हिमाली लेकमा यात्रा गर्ने कल्पना मात्रले पनि उत्साह बढाउँछ।

तर, बालीबहादुर काकाको मृत्युको घटना भने निकै गहिरो प्रभाव पार्ने दुःखद घटना हो। यसले हिमाली जीवनको कठिन वास्तविकता झल्काउँछ।

"एउटा सानो प्रयासले हाम्रो जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ।"

यार्चाको सानै जरा टिपेर जीवन धान्ने हिमाली जनताको सङ्घर्षले यो कुरा प्रमाणित गर्छ। साथै, कठिन परिस्थितिमा पनि सहयोग र एकताको महत्वलाई कथाले जोड दिएको छ।

अनन्त वाग्लेको सरल र प्रवाहपूर्ण लेखनले कथालाई सजिलै बुझ्न र महसुस गर्न सकिने बनाएको छ। नेपाली भाषाको मिठासले पाठकलाई कथासँगै जोडेर राख्छ। बालबालिकादेखि वयस्कसम्मका सबैका लागि यो पुस्तक उपयुक्त छ।

"यार्चा" कथा मात्र होइन, यो हिमाली जीवनको झलक, सङ्घर्ष र प्रेरणाको स्रोत हो। यो पुस्तकले बालबालिकालाई केवल मनोरञ्जन मात्र प्रदान गर्दैन यसले जीवनका गहन मूल्य पनि सिकाउँछ।

पुस्तक पढेपछि पाठकले जीवनलाई नयाँ दृष्टिकोणले हेर्न सिक्नेछन्। यसलाई बालबालिका र वयस्क सबैले एक पटक अवश्य पढ्नुपर्छ।

*कक्षा-५, नवोदय शिशु सदन*

# Friendship



Aarogya Kharel

In blood and in mud, we will stand side by side
Our friendship is a bond we can't hide
You are clean as mud and red as blood
In every storm, our friend forms a flood.

You are cold as ice
You are scared of mice
You are light as snow

Our friendship is strong as a ox
We will live under the sky and city of gold
You are light as a feather
Through stormy weather
We will rise like feathers.

*Class-5, Navodaya Shishu Sadan,*
*Hetauda-4*

# देशको अवस्था



विराज खड्का

न्याय हराएको छ यो देशमा
मन्त्रीको भेषमा लुटेरा छन् यो देशमा
निर्दोषलाई जेल हालिन्छ यो देशमा,
दोषीलाई उच्च समान छ यो देशमा

चुनावको दिन कुरा ठूलो हुन्छ यो देशमा,
चुनाव जितेपछि आउँछन् मन्त्री आफ्नो असली भेषमा
देश बनाउन अब युवा आगाडी सर्नु पर्छ
पार्टीको झोले हुने हैन देशको माया हुनु पर्छ

सुन काण्ड तथा ललिता निवास क्षीण मैं हराउँछ यो देशमा
सहकारीको काण्ड छिन-छिनमा बल्झिन्छ यो देशमा
देशमा रोजगारी नभएर युवा विदेशिन बाध्य छन् यो देशमा
न राम्रो नीति न त कै गर्न हौसला मिल्छ यो देशमा

राजाले एकीकरण गरेर बनाएको यो महान् भूमि दिन-दिनै मासिँदै छ
महिला हिंशा, भ्रष्टचार, अन्याय जस्ता कार्यले नेपाल आमाको शिर झुक्दै छ
कुलमान जस्तो महान् व्यक्तिलाई आफ्नो कार्यबाट निकाल्न खोजिँदै छ
सरकारको गलत कार्यले गर्दा जनता दिन-दिनै ऋणको भारमा डुब्दै छ

*कक्षा-१२, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय*

# चित्रकला






दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट
हेटौंडा-४





समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रहमदिक् एकेडेमी
हेटौंडा-४



प्रशन्न ढकाल
कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४





सुबिना भुलुन
कक्षा-२, कमला आधारभूत विद्यालय, हेटौंडा-१८






राहुल राउत
हेटौंडा क्याम्पस

# टुक्का



✍कृष्ण कुमार वैद्य

छानोमा बसेका उपकार नहुँदा बगाएर लगे,
कमजोर जमिनमा भएका घर पहिरोमा बगे ।

कृषिप्रधान देशमा आत्मनिर्भर थियो उतिखेर,
प्राथमिकतामा राख्नु कृषिलाई नगर्नु है अबेर ।

पाइदैन समयमा मल, बीउ सधैंको हाहाकार,
शासकलाई रोपाईंको तस्बिर देखाउन हतार ।

साउन महिनामा हरियो लाउन कसले सिकायो,
आरोग्यको अफवाह फैलाएर चुरापोते बिकायो ।

आगलागी बाढी पहिरो भूकम्प दुर्घटनाको भय,
बिपत्तिको लागि जोहो गर्ने सचेतताको परिचय ।

हातेमालो गर्नु मनासिब खुट्टा तान्दा हुन्न उन्नति,
षड्यन्त्रको जालो बुनेर नबनाऔं देशको दुर्गति ।

मनायो राष्ट्रिय धान दिवस चामल आयात गरि,
रोपेका ठूलाबडाले धान आहा टन्न गमला भरि ।


यताउता बोलाउँछन् नाच्न, गाउन, खानलाई दर,
लाउने, खाने स्वविवेकमा छोडौं छैन है केही कर ।

उन्नतिको शिखर चढ्न हमेसा चाहिन्छ सदाचार,
भ्रष्टाचारमा तल्लीन भएमा लाग्दैन कहिल्यै पार ।

घाँसीको परोपकारले भानुको अन्तस्करण भऱ्या,
रामायण गाथा नेपाली भाषामा रूपान्तरण गऱ्या ।

*बनेपा-९, काभ्रे*

# बिन्ती ए बा !



✍रोज कार्की

ए बा.... मलाई पनि पढ्न विद्यालय पठाइदेऊ न
तल्लो घरको हर्के र माथ्लो घरको विर्खे
विद्यालय पोसाक, हँसिलो मुहार, मलाई पनि चिटिक्क बनाइदेऊ न
चुलोमा आगो, मानोमा केही दाना, अन्न
तिम्रो दुख, मेरो नमन, ढाडमा बोकी त्यो सेती कटाइदेऊ न
बालक म, सपना ठूलो छ एकदिन चन्द्रमा छुने
ए बा.... मलाई पनि पढ्न विद्यालय पठाइदेऊ न ।

अन्नको भोक, तिम्रो पसिनाको मिठास, छातीको तापमा निदाई
भिर र पाखा हिँडौला पैदल, ज्ञानको महको मिठास चटाइदेऊ न
आमाको त्यानो विर्सिएँ बा
यो अँध्यारो पाखा, अँध्यारै जीवन, चम्किला प्रकाश चर्ने छु
सेती पारि सपनाको संसार, त्यो संसारमा तिमी
कलिलो खुट्टा, काँढै छु बाटो, आउन त्यो काँडा हटाइदेऊ न
तिम्रो कसम, ए बा... मलाई पनि पढ्न विद्यालय पठाइदेऊ न ।

तिम्रो र मेरो
कोसिस गर्ने छु, यो भीर पाखा, देशको मुहार फेर्ने
ठूलो माग छैन बा बस् दुइवटा कापी किनिदेऊ न
माटोको गन्ध, फोका फुटेका हात, चर चर चराउँदछ
त्यो हरियो तितेपाती कति माङम, अक्षरको मुलायम मलम लगाइदेऊ न
बिन्ती ए बा ... मलाई पनि विद्यालय पढ्न पठाइदेऊ न

*हेटौंडा एकेडेमी, हेटौंडा-११*

# मेरी आमा प्यारी आमा

✍ज्यास्मिन खातुन

तिम्रो सागर जस्तै नयन
तिम्रो रेशमी झैं कपाल ।
मेरी आमा, प्यारी आमा
तिमीले मलाई बोल्न सिकायौ
मेरी आमा, प्यारी आमा

तिमीले मलाई यो दुनियाँमा
बाँच्न सिकायौ,
तिमीले मलाई राम्रो बाटो
हिँड्न सिकायौ ।

मैले सोचेको थिएँ,
तिम्रो आँखामा कहिले
आँसु आउन दिन्नँ
तर यो समयको चक्रले
कसैलाई छोड्दैन रहेछ,
सबको जीवनमा सुख र दुःख
दुवै हुँदो रहेछ ।

मेरी आमा, प्यारी आमा
मेरो सुखको छायाँ,
मेरो दुःखको माया,
मुटुकमा मुटु मिसाएकी प्यारी आमा ।

*कक्षा-९*
*रिलायन्स आवासीय माध्यमिक विद्यालय*
*हेटौंडा-५*

## गाउँखाने कथा

१. एउटा हाँगाका तीनवटा पात, धेरै जसो घुम्छ जोगीका साथ ।
• त्रिशुल

२. उँधोबाट हाँस आयो, एक मुठी घाँस ल्यायो ।
• मुला


३. उँभो थली उँधो नली, यो कथा नजान्ने मेलो हली ।
• कर्कलो

४. उकालो लाग्छ खुट्टा छैन, पानी खाए भुतुक्कै हुन्छ ।
• डढेँलो

५. एकै ठाउँमा बस्दिन म चारैतिर घुम्छु, माया गर्ने सबै छन्, सुरक्षित नै हुन्छु ।
• पैसा

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिकाको अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



सम्पादक

# स्क्याम



✍अर्जुन यावा

"हेलो, क्या मेरी बात मिस्टर अर्जुन राई ले सो रही है ?" एकदिन काम गरिरहेको थिएँ अफिसमा । अपरिचित नम्बरबाट फोनकल आउँछ ।

"जी हाँ, आप कौन ?" मैले प्रतिप्रश्न राखेँ ।

"म शिवानी बोल रही हुँ फ्लिपकार्ट की तरफ से । पिछ्ली बार आप ने ७९० रुपिय की शोपिड किए हुए थिए । पर आप की पेमेन्ट प्रिपेड है या फिर सीओडी, वो शो कर नही रहा । इसिलिए आप की अर्डर जो थि कन्फर्म हो नही पा रहा है ।" उताबाट बोलिरहेकी युवतीले फन गर्नुको कारण बताइ । सम्झैं, मेरो अर्डरको समान त सबै आउने कन्फर्म भएको हो । के भएछ फेरि जस्तो लाग्यो । ऊ बोलिरहेको थियो । म उसको कुरा सुन्दै मनमनै सोचिरहेको थिएँ । ऊ उन्दैथिइ, आप की अर्डर गर्फर्मेशन के लिए कम्पनी कि तर फ से सिक्स डिजिट की एक ओटीपी भेज रही हुँ ।"

ओटीपी भन्ने बित्तिकै मनमा चियो पस्यो । मैले सोँच्दा सोँच्दै ऊ अरू बोलिरहेकी थिइ । भनिन्- "एकबार मेसेज बक्स मे देखिए, ओटीपी आया होगा ।"

मैले हेरें । आएको थिएन । भने, "अभि तो आया नही ।"

"अब देखिए ।"

यो पटक ओटीपी आयो । तर दिन मनै लागेन । ओटीपीसँगै लेखिएको थियो, "योर ओटीपी इज-ए.बी.सी.... डु नट शेयर योर ओटीपी टु एनिवान, इन्क्लुडिङ डेलिवरी एजन्ट ।"

भनें, सरी मै आप को ओटीपी शेर कर नही सकता ।"

"अगर ओटीपी नही बताएंगे तो आप की सारे अर्डर क्यानसल हो जाएगा ।" भनिन् युवतीले ।

"अगर क्यानसल होता है तो होने दिजिए ।" भनें । फेरि भनें, "मेरी सारे अर्डर तो पहिले से हि कन्फर्म हो चुका था, ऐसा कैसे हो सकता है?"

फेरि मनमनै सम्झैं, घरबाट छोरी र श्रीमती दुई आमा-छोरीले जरुरी सामान अर्डर गरेका थिए । आएन भने त दुवै रिसाउला ।

उताबाट भन्दैथिइ- "वो सब तो पता नही । लेकिन क्या है कि कभि कभि टेक्निकल प्रोब्लम के वजह से ऐसा हो सकता है । एकबार देखिए, आप की मोबाइल टेक्स मेसेज बक्स में जो ओटीपी आइ है वो अगर फ्लिपकार्ट की तरफ से आइ है तो हि आप शेयर कर सकते हो । इसमे कोइ दिक्कत नही ।" उसले विश्वास दिलायो । मेसेस बक्स हेरें । ओटीपी आएको नम्बर हेरें । नम्बरको थिएन । नम्बर अथवा नामको ठाउँमा 'फ्लिपकार्ट' थियो । "हो त रहेछ ।" मनमनै भनें ।

फेरि सोचें, "यो अनलाइन स्यामका घटनाहरूले पनि हामीलाई साह्रै सङ्कुचित बनाइदिएको छ । बित्थामा डराइरहेको थिएँछु ।"

अनि बल्ल दिएँ ओटीपी ।

उसले "आप की अर्डर कन्फर्म हो गइ । आप कि दिन शुभ हो ।" भनेर फोन कल काटिन् ।

दुई मिनट नबित्दै 'टिङ', 'टिङ' गरेर मेसेज टोन बज्नथाल्यो मोबाइलमा । हेर्दा हेर्दै मेरो एकाउण्टबाट 'ब्यालेन्स' डिडक्ट हुन थाल्यो, टिङ टिङ टिङ ।

बल्ल कन्फर्म भयो । म स्यामिङमा परेछु । त्यहीवेला अफिसमा ड्वर बेल बज्यो । ई-कार्टबाट डेलिवरी एजन्ट भाइ रहेछ । भन्दैथियो, तपाईंको तीनवटा सामान आएको छ । सीओडी रहेछ । क्यास पेमेन्ट गर्नु हुन्छ कि अनलाइन ?"

यतिबेला पो मनमा लाग्यो, अघि त्यो फोन आउँदा एकपल्ट फ्लिपकार्टको एप खोलेर हेरेको भए पनि त हुनेथियो ।

*राङ्गा बरबिङ, गान्तोक, सिक्किम, भारत*

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**ः प्राविधिक वा सीपमूलक क्षेत्रमा आकर्षण बढ्ला । विवेकले अगाडि बढ्दा राम्रो रहला । नयाँ कामको थालनी होला । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । आय–आम्दानी भएपनि स्वास्थ्य समस्याले सताउने छ । धार्मिक एवं सामाजिक काममा मन जाला । प्रतिस्पर्धाको दौडमा विजय प्राप्त होला । पढाइ–लेखाइ ठिकै देखिन्छ ।

**वृष राशि**ः जिम्मेवारी प्राप्त भएपनि काम नमिल्नाले दोहोरिन सक्छ । नैराश्यता र चिडचिडेपन बढ्न सक्छ । आय आम्दानीका लागि संघर्ष गर्ने समय छ । कार्य प्रगतितर्फ लम्कने अवसर मिल्ला । व्यापार–व्यवसाय ठिकै रहला । धार्मिक एवम् सामाजिक काममा दौडधूप बढ्ला । परिबन्ध र बाध्यताले खम्चनु पर्ला । पढाइ–लेखाइ मध्यम छ ।

**मिथुन राशि**ः सामाजिक कियाकलाप र बाध्यतापूर्ण काममा अलमल होला । साथीसंगी र इष्टमित्रको सहयोग प्राप्त हुनेछ । परिश्रमले आर्थिक उपलब्धी होला । सामाजिक एवम् धार्मिक काममा सरिक भइएला । व्यापार–व्यवसाय ठिकै मान्नुपर्दछ । आत्मबल र हिम्मतले काममा पूर्णता प्राप्त होला । पारिवारिक जमघट बढ्ने समय योग छ ।

**कर्कट राशि**ः अरुको सल्लाह र अनुभव सुनेर निर्णय लिनुहोला । सभा, समारोह र बैठकमा सरिक भइने छ । आफ्नो काम समयमा नसकिनाले चिन्ताको विषय बन्ला । साहित्यिक क्षेत्रमा सरिक भइने छ । रोकिएको धन हात लाग्ला । अचानक यात्रामा सरिक भइने छ । धार्मिक र परोपकारका काममा मन जाला । पढाइ ठिकै रहने छ ।

**सिंह राशि**ः प्रतिस्पर्धाले काममा उत्साह थपिएला । स्थापित तुल्याउन झनै कडा परिश्रम गर्नुपर्ला । चोटपटक र दुर्घटनाबाट बच्नुपर्ला । धैर्य र संयम भई अगाडि बढ्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । जिद्धीपन त्याग गर्दा राम्रो रहन्छ । आत्मबल र जोसजाँगर बढ्ने समय योग देखिन्छ ।

**कन्या राशि**ः परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । व्यापार–व्यवसायमा आफैं खट्दा राम्रो रहन्छ । मन कमजोर बन्ला । हिसाब किताब बिग्रिनाले तनाव बढ्ला । अरुको कुरामा विश्वास गर्दा राम्रो रहन्छ । अनुशासन र कानुनको दायरामा रहँदा राम्रो रहला । वादविवादमा पछि परिएला ।

**तुला राशि**ः दिगो फाइदाका लागि कुनै कामको थालनी होला । मिहेनती र लगनशील बन्दा राम्रो रहन्छ । धार्मिक यात्रा योग छ । अरुको काममा समय व्यतित होला । बुद्धि र विवेकको सहयोगले काममा पूर्णता प्राप्त । खर्चालु समय छ । पारिवारिक सुखमा अभिवृद्धि होला । व्यापार–व्यवसाय मध्यम छ । अध्ययनमा मन जाला ।

**वृश्चिक राशि**ः कामको चापले फुर्सद पाइने छैन । गलत व्यक्तिको विश्वासमा पर्दा इज्जतमा दाग लाग्न सक्छ । कामधन्धामा मज्जाले खट्नु पर्ने समय हुन्छ । जीवन साथीले आफ्नो विवशता नबुझ्दा झन् दिग्दार लाग्ला । धार्मिक कार्यमा सरिक भइने छ । अरुको कामबाट फुर्सद नहोला । पढाइ–लेखाइ ठिकै छ ।

**धनु राशि**ः नयाँ समाचार र जानकारी प्राप्त हुने समय छ । ताकेका काममा भाग्यले साथ देला । जनसम्पर्कको दायरा बढ्ने छ । धार्मिक एवम् पारस्परिक काममा सरिक भइएला । व्यापार–व्यवसाय ठिकै रहने छ । सम्बन्धमा प्रगाढता होला । ज्ञानबुद्धिमा वृद्धि होला । अध्ययन–अध्यापन ठिकै रहने छ । सानो प्रयत्नले काम बन्नेछ ।

**मकर राशि**ः जोखिम र संकटको समय छ । धेरै बटुल्ने इच्छा नराख्दा राम्रो रहन्छ । दुराशा र महत्वलाई त्याग गर्दा राम्रो । संयमताले काम अगाडि बढाउँदा राम्रो । व्यापार–व्यवसायका लागि त्यति उपयुक्त समय छैन । परोपकार र धार्मिक काममा मन बढ्ने छ । पढाइ–लेखाइ ठिकै छ । गोपनियतामा जोड दिँदा राम्रो रहन्छ ।

**कुम्भ राशि**ः आय आम्दानी बढ्ला । उपहार र चिठ्ठा प्राप्त हुनेछ । मन मिले साथी वा प्रेमी प्रेमिकाको मिलन होला । रमाइलो यात्रामा सरिक भइएला । कल्पनाशील र भावुक बन्ने समय छ । प्रतिष्ठा र सम्मान प्राप्त हुनेछ । धार्मिक एवम् सामाजिक काममा मन जाला । लेखाइ–पढाइ ठिकै रहने छ । आहार विहारमा ध्यान दिनुपर्ला ।

**मीन राशि**ः शारीरिक थकान र बेचैनीको समय छ । स–साना कुरामा चिन्तित भइनेछ । व्यापार–व्यवसाय ठिकै रहने छ । स्वास्थ्य स्थितिमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ । मिहिनेतको प्रतिफल प्राप्त होला । भाग्यले साथ दिने समय योग छ । प्रेममा दोधारे र अलमल होला । सिर्जनात्मक काममा सरिक भइने समय योग छ ।



# बालजागृतिमा शैक्षिक प्रदर्शनी



समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ स्थित बालजागृति इङ्लिस सेकेण्डरी स्कूलले शुक्रबार शैक्षिक प्रदर्शनी कार्यक्रम आयोजना गरेको छ । गत आइतबारदेखि सुरु गरेको ५ दिने सांस्कृतिक, शैक्षिक प्रदर्शनी तथा पुरस्कार वितरण कार्यक्रमअन्तर्गत अन्तिम दिन शैक्षिक प्रदर्शनी कार्यक्रम गरिएको हो ।

विद्यालयमा अध्ययनरत् विद्यार्थीले निर्माण गरेका विज्ञान, गणित, सामाजिक विषयगत शैक्षिक प्रदर्शनी गरेका हुन् । प्रदर्शनीको हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, वडाध्यक्ष, अभिभावक, शिक्षकलगायतले अवलोकन गर्नुभएको थियो । स्थानीय ज्ञान, सीप प्रयोग गरेर बनाइएका सामान, बाटो काट्दा अपनाउनुपर्ने सावधानी, हेटौंडा उपमहानगरपालिकाको वडासम्बन्धी विवरणलगायतका सामग्री विद्यार्थीले प्रदर्शनीमा राखेका छन् ।

कार्यक्रममा नगर उपप्रमुख बानियाँले अभिभावकले आफ्ना बालबालिका के गरिरहेको छ भन्ने विषयमा जानकार हुनुपर्ने बताउनुभयो । विभिन्न जातजातिका भाषा, भेषभूषासहितको नृत्य विद्यार्थीले प्रस्तुत गरेर कला र संस्कृति संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याएको बानियाँको भनाइ छ ।

सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको नतिजाले उपमहानगरलाई सहयोग पुगेको उपप्रमुख बानियाँले बताउनुभयो । एमबीबीएसमा नाम निकाल्ने ४ जना विद्यार्थीलाई ५ लाख रुपैयाँको दरले उपमहानगरले सहयोग गरेको उहाँले बताउनुभयो । नैतिक शिक्षा हराएको भन्दै उपमहानगरले नीतिको रुपमा नैतिक शिक्षालाई लिन पहल गरेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीले कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नमुना विद्यालयको रुपमा विद्यालय स्थापित भएको जानकारी दिनुभयो । उहाँले कारखानाको साझेदारीमा विद्यार्थीलाई अवसर दिएको बताउनुभयो । पठन संस्कृतिको विकास, असल संस्कार र संस्कृति विकासमा सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

प्रत्यक्ष सहभागीतासँगै जीवन उपयोगी शिक्षा लिई सकारात्मक सोच, समाज रुपान्तरणमा पनि सहयोग पुग्ने प्रधानाध्यापक सुवेदीले जानकारी दिनुभयो । एक हजार ५ सय ५१ विद्यार्थी अध्ययनरत् रहेको विद्यालयले अन्तर्राष्ट्रिय कार्यक्रममा पनि विद्यार्थी सहभागी हुने अवसर प्रदान गरेको बताउनुभयो ।

बिहीबार प्रधानाध्यापकदेखि उत्कृष्ट शिक्षक, कर्मचारी र कक्षागत उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । २०८० सालको वार्षिक परीक्षामा कक्षागत प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थी र विभिन्न प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीलाई शैक्षिक सामग्री र शिल्ड प्रदान गरिएको थियो ।

गत आइतबार नर्सरी, एलकेजी र युकेजी कक्षाका विद्यार्थीको सांस्कृतिक प्रस्तुति रहेको थियो । दोस्रो दिन सोमबार १ कक्षादेखि ३ कक्षासम्मका विद्यार्थीको प्रस्तुति रहयो । बुधबार कक्षा ४-५ को र बिहीबार कक्षा ६ देखि ९ सम्मका विद्यार्थीले सांस्कृतिक प्रस्तुति गरेका थिए । विद्यालयले विद्यार्थीको आत्मबल बढाउन, सिकेका कुरा प्रस्तुत गर्न, शिक्षा, ज्ञान, सीप क्षमताको विकास गर्ने लक्ष्यसहित सांस्कृतिक, शैक्षिक प्रदर्शनीको आयोजना गरेको हो ।

# रोटरीद्वारा विपन्न विद्यार्थीलाई ट्र्याकसुट

समाज संवाददाता

हेटौंडा: रोटरी क्लब अफ हेटौंडाले हेटौंडा-१८, फुर्केचौरस्थित गोरक्षनाथ माध्यमिक विद्यालयमा अध्ययनरत् विपन्न विद्यार्थीलाई विद्यालय पोशाक (ट्र्याकसुट) सहयोग गरेको छ । बिहीबार विद्यार्थीलाई १ सय ६२ थान विद्यालय पोशाक (ट्र्याकसुट) सहयोग गरिएको रोटरी क्लब अफ हेटौंडाका निर्वाचित अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

हेटौंडा-१८ नम्बर वडाका वडाध्यक्ष अनिल बानियाँ र हेटौंडा उपमहानगरका पूर्वमेयर हरिबोल महतको विशेष आतिथ्यमा विद्यालय पोशाक हस्तान्तरण गरिएको हो । कार्यक्रममा रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रकाश ढकाल, बसन्त रोक्का, कवि श्रेष्ठ, सोनी श्रेष्ठ, शिक्षक र विद्यार्थीलगायतको उपस्थिति थियो ।

# जग्गा तथा आवास विकास महासंघको अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: नेपाल जग्गा तथा आवास विकास महासंघले छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । शुक्रबार घरजग्गा संघ मकवानपुरको व्यवस्थापनमा जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरे (ध्रुव) को सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका नगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो ।

अन्तरक्रिया तथा छलफल कार्यक्रमकै अवसर पारेर जग्गा तथा आवास विकास महासंघले मकवानपुर उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ बागमती प्रदेश र जिल्ला शाखा मकवानपुरका अध्यक्षसहितको पदाधिकारीहरुलाई स्वागत तथा सम्मान गरेको छ । यस्तै, संघका आजीवन सदस्यहरुलाई पनि सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर उपप्रमुख बनियाँले व्यापार व्यवसायीको संरक्षण गर्न सबैले ध्यान दिनुपर्ने बताउनुभएको छ । बागमती प्रदेशको राजधानी हेटौंडा भएका कारणले यसको संरक्षण गर्न नसके प्रदेशको राजधानी नामको मात्र हुने उहाँले धारणा राख्नुभयो । आफू पनि व्यावसायिक क्षेत्रमा आवद्ध भएका कारण बढी व्यापार भएको अवस्थामा छापा मार्ने अवस्था पनि सिर्जना हुने गरेको उहाँले बताउनुभयो । संघीय सरकारको काम राम्रो नीति बनाउने र स्थानीयको सेवा प्रदान गर्ने काम रहेको उहाँले बताउनुभयो । कानुन भएता पनि मुखको मात्र कानुन भएका कारण समस्याको समाधान गर्नुपर्ने उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका धेरै वडाध्यक्षहरु घरजग्गाको व्यवसायमा आवद्ध रहेको उहाँले बताउनुभयो । उद्योगले निजी क्षेत्रलाई समेट्न आवश्यक रहेको उहाँको भनाइ छ । स्वास्थ्यका लागि पूर्वाधार राम्रो बन्दै गएकाले बस्ती विकासका लागि बलियो सम्भावना रहेको उहाँको धारणा छ । स्थानीय तहबाट आफूले गर्नुपर्ने सिफारिसको कार्यबाट पछि नपर्ने उहाँले बताउनुभयो ।

पत्रकार महासंघका प्रदेश अध्यक्ष कृष्ण सारु मगरले बैंकको ब्याजदरको विषयमा स्थानीय तहले सहजीकरण गर्नुपर्ने बताउनुभयो । स्थानीय तहले नीतिगत काममा सहजीकरण गर्नुपर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, भूमि आयोग मकवानपुरका अध्यक्ष बलराम बल, नेपाल जेसीज वर्ष २०२५ का महासचिव विकेशलाल श्रेष्ठ, जग्गा व्यवसायी संघका जिल्ला उपाध्यक्ष पवन तिमल्सिनालगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।


## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्

- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पूर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

अध्यक्ष नवराज घिमिरे एवम्

**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**

हेटौंडा-४, मकवानपुर


# आस्था राउतको गीतमा दर्शक रमाए

समाज संवाददाता

हेटौंडा: गायिका आस्था राउतको सांगीतिक प्रस्तुतिमा दर्शक रमाएका छन् । शुक्रबार हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको चौरमा भएको गायिका आस्था राउतले गाएको १२ वटा गीतमा हेटौंडाका दर्शक रमाएका हुन् ।

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पस कमिटीले हेटौंडाको नगर स्तरीय युवा सञ्जालसँगको समन्वयमा गायिका राउतको सांगीतिक प्रस्तुति आयोजना गरेको थियो । गायिका राउतले अल्ला हो अकबर, चौबन्धीमा पटुकी, झुम्के बुलाकी, माया यो मायालगायत अन्य गीत गाउनुभएको थियो । राउतको सांगीतिक प्रस्तुतिमा उपस्थित दर्शकहरु रमाउँदै नाचेका थिए । सांगीतिक कार्यक्रमलाई साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेल र बिहानी पड्गेनीले सहजीकरण गर्नुभएको थियो ।

'अभिभावकविहीन छात्राहरुमा लगानी, सुनिश्चित भविष्यका लागि महिला सशक्तिकरणको थालनी' भन्ने मूल नाराका साथ गायिका राउतको लाइभ सांगीतिक कार्यक्रम आयोजना गरिएको स्ववियु हेटौंडा क्याम्पस कमिटी अध्यक्ष अभि मैनालीले जानकारी दिनुभएको छ । गरिब तथा विपन्न वर्गका छात्राको शिक्षामा सहयोग गर्नका लागि आयोजना गरिएको सांगीतिक कार्यक्रममा दर्शकहरुले उत्साह देखाएकोमा गायिका राउतले खुशी व्यक्त गर्नुभएको छ । १० वटा सांगीतिक प्रस्तुति गर्ने तयार हुनुभएकी राउतले सबैको उत्साहका कारण थप २ वटा गीत प्रस्तुत गर्नुभएको हो ।

कार्यक्रमबाट हुने बचतबाट अभिभावक नभएका छात्राहरुको शिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले अक्षयकोष निर्माण गरिने आयोजकको भनाइ छ । टिकट खरिद गरेर सहयोग पुऱ्याएकोमा स्ववियु अध्यक्ष मैनालीले दर्शकलाई कृतज्ञता व्यक्त गर्नुभयो । हेटौंडा उपमहानगरपालिका तथा अन्य संघसंस्थाको सहयोग रहेको सांगीतिक प्रस्तुति हेर्नका लागि दर्शकहरुलाई २ सय ५० रुपैयाँको प्रवेश टिकट राखिएको थियो ।

# राप्ती र नारायणी नदीमा ३५२ घडियाल गोही भेटिए

चितवन: राप्ती र नारायणी नदीमा तीन सय ५२ वटा घडियाल गोही भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्जले हालै गरेको गणना तथा अनुगमनका क्रममा राप्ती नदीमा दुई सय छ र नारायणी नदीमा एक सय ४६ वटा गोही भेटिएका हुन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले पुस १२ गतेदेखि १४ दिन लगाएर गरिएको गणनामा सो संख्यामा गोही भेटिएको बताउनुभयो । गणनामा निकुञ्जका नौ कर्मचारी र माझीहरु सहभागी भएका थिए ।

गतवर्ष गरिएको सर्वेक्षणमा राप्तीमा एक सय ५२ र नारायणीमा एक सय १३ वटा गोही भेटिएका थिए । त्यसबेला राप्ती र नारायणीमा तीन/तीनवटा भाले भेटिएकामा यस वर्ष राप्तीमा दुई र नारायणीमा तीन गरी पाँचवटा भाले भेटिएका छन् ।

यसवर्ष एउटा भाले नभेटिए पनि समग्रमा संख्या भने बढेको छ । गणना हुनुअघि राप्तीमा ४१ वटा गोही छोडिएकाले पनि संख्या बढेको सूचना अधिकारी थापा मगरले बताउनुभयो । निकुञ्जले गत पुस महिनामा राप्तीमा थप २० वटा गोही छोडेको थियो ।

गत आर्थिक वर्षमा एक सय पाँच वटा गोही प्राकृतिक बासस्थानमा छाडिएकामा चालु आर्थिक वर्षमा थप ४० वटा गोही छोड्ने योजना रहेको छ । यहाँ नदी किनारबाट गोहीका अण्डा संकलन गरेर प्रजनन केन्द्रमा कोरलेर बच्चा हुर्किएपछि नदीमा छोड्ने गरिन्छ ।

हालसम्म राप्ती, नारायणीसहित देशका विभिन्न नदीमा दुई हजार १८ गोही छाडिसकिएका छन् । हाल प्रजनन केन्द्रमा सात सय ३९ गोही रहेका छन् ।

घडियाल गोही संकटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बंगलादेश, भुटान, म्यान्मालगायत देशहरुमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्रै पाइन्छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको दुई प्रतिशतमात्रै संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढ्दै गएको संरक्षणकर्मी बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सन् १९७५ मा कसरामा घडियाल प्रजनन केन्द्र स्थापना गरिएको थियो । त्यसबेला देशभर एक सयभन्दा कम संख्यामा घडियाल गोही रहेको अनुमान गरिएको थियो । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, माछा मार्नेलगायत कारणले गोहीका प्राकृतिक बासस्थानमा क्षति भइरहेको सूचना अधिकारी थापा मगरले बताउनुभयो । साथै बाढी आउँदासमेत गोही बगेर जाने गरेका छन् । *(स्रोत: रासस)*

# सरकारी खर्च चलाउन ऋणको भर

काठमाडौं: सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिना (साउन-पुस) मा करिब साढे २ खर्ब रुपैयाँ सार्वजनिक ऋण लिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पुस मसान्तसम्म सरकारले १ खर्ब ८१ अर्ब ५ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको छ । यस बीचमा ५९ अर्ब ३ करोड रुपैयाँ बाह्य ऋण प्राप्त भएको कार्यालयले जनाएको छ ।

यसरी ६ महिनामा २ खर्ब ४० अर्ब ८ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण उठाइएको कार्यालयको आँकडा छ । लक्ष्यअनुसार राजस्व उठ्न नसक्दा सरकारले ऋण तिर्न र पुँजीगत प्रकृतिको खर्चका लागि ऋणकै भर पर्नुपर्ने अवस्था छ । राजस्वले चालु प्रकृतिको मात्र खर्च धान्न सक्ने अवस्था देखिएको छ ।

### २५ खर्ब ३६ अर्ब पुग्यो सार्वजनिक ऋण

नेपालको सार्वजनिक ऋणले २५ खर्ब ३६ अर्बको नेटो काटेको छ । अघिल्लो आर्थिक वर्षसम्म २४ खर्ब ३४ अर्ब रुपैयाँ रहेको सार्वजनिक ऋण यस वर्ष ६ महिनामै २५ खर्ब ३६ अर्बभन्दा माथि पुगेको हो । कार्यालयका अनुसार चालु आर्थिक वर्षको ६ महिनामा आन्तरिक ऋण १२ खर्ब ३४ अर्ब ७१ करोड र बाह्य ऋण १३ खर्ब १ अर्ब रुपैयाँ नाघेको छ ।

यसबीच सरकारले सार्वजनिक ऋण भुक्तानीमा १ खर्ब ४९ अर्ब रुपैयाँ खर्च गरेको छ । प्राप्ति साढे २ खर्ब रुपैयाँ हाराहारी गरे पनि भुक्तानीसमेत करिब डेढ खर्ब पुग्दा सार्वजनिक ऋणको खुद वृद्धि भने १ खर्ब रुपैयाँमात्र रहेको छ । यसमा विनिमय दरमा आएको उतार चढावको असरले ११ अर्ब ६१ करोड दायित्व थप भएको देखिएको छ ।

कार्यालयका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण अब ४४.४६ प्रतिशत पुगेको छ । यसमा आन्तरिक ऋणको हिस्सा २१.६४ प्रतिशत र बाह्य ऋण जीडीपीको अनुपातमा २२.८१ प्रतिशत रहेको देखिएको छ । केही अगाडिसम्म आन्तरिक ऋण हिस्सा बढी रहेकोमा सरकारले बढी भुक्तानी गर्दा बाह्य ऋण जीडीपीको तुलनामा माथि रहेको देखिएको हो ।

*(स्रोत: अनलाइनखबर)*


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-

**सम्पर्क**

मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६

स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर



## हेटौंडा रिफरेन्स ल्याबोरेटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाइराइड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबोरेटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

